व्यास नगरकार्यपालिकाको २११ औं बैठक आज मिति २०८१/१२/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव(नि.प्र.प्र.अ.) | - श्री केदारराज आचार्य | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मति २०८१/१२/०७ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: जिल्ला भूमि समस्या समाधान आयोगसंग जग्गा दर्ता सम्बन्धी परामर्श बैठक सम्बन्धमा ।
प्रस्ताव नं.३: जग्गा वर्गीकरण प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.४: सामुदायिक विद्यालयहरुको समायोजन अध्ययन सम्बन्धमा ।
प्रस्ताव नं.५: सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट प्रकृया सम्बन्धमा ।
प्रस्ताव नं.६: वनजंगलमा भएको डढेलो नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.७: डेङ्गु प्रकोप नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.८: सरसफाई केन्द्र स्थापनाका लागि सहजीकरण समिति सम्बन्धमा ।
प्रस्ताव नं.९: ३३ औ स्थापना दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.१०: सेती नदी तर्फको विपद्जन्य ढुङ्गा, गिटी, वालुवा बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.११: ऐतिहासिक गोरखा जीतगढी पदयात्रामा सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१२: विद्यालयलाई कक्षा थपको अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१३: देउराली बाल विकास केन्द्रको जीर्ण कोठाहरु व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: सितला प्रा.वि. को कार्यालय सहयोगी व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: बाल विकास र लेखापालहरुलाई पनर्ताजगी तालिम सम्बन्धमा ।
प्रस्ताव नं.१६: सामुदायिक विद्यालयहरुका प्र.अ.हरुको थप भत्ता व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१७: लेखा समितिको सदस्य सचिव व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१८ : प्रारम्भिक अधिकारी तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: विद्युतीय नक्शा पासको वैकल्पिक सेवा प्रदायक संस्था सम्बन्धमा ।
प्रस्ताव नं.२०: छात्रवृत्ति वितरण सिफारिस समिति पुनर्गठन सम्बन्धमा ।
प्रस्ताव नं.२१: घार तथा घार सहित मौरी वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२२ वडा नं.२ को कार्यालयका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२३: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२४:: अत्यावश्यक रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२५: नियमावली संशोधन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस अघि मिति २०८१/१२/०७ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको अघिल्लो वर्ष वडा नं.१४, १३ र १२ नं. वडाका केही जग्गाहरु नाप नक्सा भएको यस वर्ष सरकार परिवर्तन पछि जिल्ला भूमि समस्या समाधान आयोग नयां गठन भई पुनः नापी प्रकिया अघि बढेकोमा भूमि सम्बन्धी ऐन, नियम, कार्यविधिले तोकेको प्रकृयामा निस्सा प्राप्त गरेका सबैको जग्गा नापी गर्ने र भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई प्रथम चरणमा पुर्जा बाड्नका लागि प्राविधिक विषयहरुका सम्बन्धमा तनहुँ जिल्ला नापी कार्यालयका प्रमुख एवं जिल्ला भूमि समस्या समाधान आयोगका सदस्य सचिवसँग छलफल गरी ऐन नियम अनुसार जग्गा नापी अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका जग्गा वर्गीकरण सम्बन्धी अध्ययन प्रतिवेदन बैठकमा प्रस्तुत भएकाले थप प्रक्रिया अघि बढाउन घर नक्सा पास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नयाँ शैक्षिक वर्ष २०८२ वैशाखबाट प्रारम्भ हुने भएको र कतिपय विद्यालयहरुमा विद्यार्थी अभाव रहेको, दरबन्दी समेत मिलान गर्नुपर्ने देखिंदा बढीमा १० दिनभित्र सम्बन्धित विद्यालय व्यवस्थापन समितिसंग छलफल गरी अध्ययन प्रतिवेदन पेश गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक - श्री केदारराज आचार्य (प्रमुख शिक्षा तथा सामाजिक विकास शाखा)
२. सदस्य - श्री सम्बन्धित वडाका वडाध्यक्ष
३. सदस्य - श्री चन्द्रमायाँ परियार (सामाजिक विकास समिति संयोजक)

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक नियुक्तिका लागि शिक्षा तथा सामाजिक विकास शाखाबाट १५ (पन्ध्र) दिने सूचना जारी गरिएको र उक्त म्याद २०८१/१२/२२ गते समाप्त हुने हुँदा दरखास्त पर्न नआएका विद्यालयको हकमा मात्र सम्बन्धित तह कै स्थायी शिक्षकहरुबाट ७ दिने दरखास्त माग गर्ने र दरखास्त प्राप्त भएका विद्यालयहरुको हकमा ऐन नियम बमोजिम प्रधानाध्यापक छनौट प्रकृया अघि बढाउने, ७ दिन पछि पनि दरखास्त पर्न नआएका विद्यालयको हकमा विद्यार्थी भर्ना समय भएकाले सम्बन्धित विद्यालय व्यवस्थापन समितिसँग र वडा अध्यक्षसँग समन्वय गरी अर्को व्यवस्था नभएसम्म प्रधानाध्यापकको जिम्मेवारी तोक्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा हाल वन जंगलमा डढेलोको प्रकोप बढी वायु प्रदुषण भएकाले डढेलो नियन्त्रण गर्न गराउन सम्बन्धित वडाका राजनैतिक दलका प्रतिनिधी, टोल विकास संस्थाका प्रतिनिधी, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधी, नागरिक समाजलाई अभिमुखिकरण गर्न गराउन सम्बन्धित वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा गर्मि बढ्दै गएकाले डेङ्गुको प्रकोप बिस्तार हुन सक्ने देखिंदा व्यास नगरपालिका अन्तर्गतका वडा समितिसंग समन्वय गरी सबै स्वास्थ्य संस्था मार्फत ***"खोज र नष्ट गर"*** लगायतका सचेतनामुलक अभियान सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विगत लामो समयदेखि व्यवस्थापन हुन बाँकी रहेको व्यास नगरपालिका सरसफाई व्यवस्थापनको स्थायी समाधानका लागि जग्गा व्यवस्थापनमा सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

१) संयोजक - श्री वैकुण्ठ न्यौपाने
२) सदस्य - श्री वसन्तबहादुर आले
३) सदस्य - श्री रनसिं नेपाली
४) सदस्य - श्री राष्ट्रिय मान्यता प्राप्त सबै राजनैतिक दलका स्थानीय प्रतिनिधीहरु
५) सदस्य सचिव - श्री प्रमुख प्रशासकीय अधिकृत वा प्र.प्र.अ.ले तोकेको अधिकृत कर्मचारी

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३३ औं स्थापना दिवस मिति २०८१/१२/३० गते बिहान ८.०० बजे डमौली सभाहलमा आयोजना गरिएकाले उक्त कार्यक्रममा उपस्थितिका लागि सम्पूर्ण वर्तमान निवर्तमान एवं पूर्व जनप्रतिनिधिज्यूहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, सबै टोल विकास संस्था, सरकारी गैह्र सरकारी कार्यालय, विद्यालय लगायतका प्रतिनिधि ज्यूहरुलाई सहभागिताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास ५ वेतेनी क्षेत्र र ऋषिङ गाउंपालिका वडा नं.१ हुक्सेटार स्थित सेती नदीमा उच्च मात्रामा थुप्रिएको नदीजन्य पदार्थ व्यवस्थापन नहुंदा ऋषिङ गाउँपालिका वडा नं.१ को हुग्से बस्ती जोखिममा रहेकोले सो क्षेत्रको व्यास नगरपालिकातर्फ रहेको नदीजन्य

पदार्थ ढुङ्गा गिटी उत्खनन् नगरी तटबन्धन गर्न नमिल्ने देखिएकाले उत्खनन गरी दिन ऋषिङ गाउँपालिकाको कार्यालयबाट अनुरोध भई आएको र व्यास नगरपालिकाबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन समेत तयार गरी जिल्ला विपद् समितिसँग अनुमति माग भएकोमा मिति २०८१/१२/२० को जिल्ला विपद् समितिको निर्णय नं.३ बाट अनुमति प्राप्त भएकाले वातावरणीय अध्ययन प्रतिवेदनले देखाएको ढुङ्गा गिटीको मात्रा नबढ्ने गरी ऋषिङ १ को वस्ती सुरक्षित गर्न पर्ने देखिंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ अनुसार ७ (सात) दिने विद्युतीय बोलपत्र गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा ऐतिहासिक जीतगढी पदयात्रा मिति २०८१/१२/२८ बाट प्रारम्भ भई मिति २०८१/१२/३० गते बिहान ७ बजे तनहुँसुर दरवार क्षेत्रमा संक्षिप्त विशेष कार्यक्रम हुने भएकाले उक्त पदयात्रा धरमपानी, बेलटारी हुँदै दमौली बजारमा आउने हुँदा स्थानीयहरुबाट स्वागत गर्न सम्बन्धित वडा समिति वडा नं.१, २, ३, ४, ५ र ११ मार्फत सम्बन्धित टोल संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विद्यालयहरुलाई शैक्षिक वर्ष २०८२ देखि सञ्चालन हुने गरी कक्षा थपको अनुमति दिने निर्णय गरियो ।

१) श्री सिद्धबेनी मा.वि. व्यास -१३ कक्षा १० (दश) सञ्चालन ।

२) श्री छाब्दी बाराही आधारभूत विद्यालय व्यास -१२ मा कक्षा ८ (आठ) ।

३) श्री समता विद्यालय व्यास - ७ मा कक्षा ८ (आठ) ।

**निर्णय नं.१३:** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा व्यास १२ देउराली स्थित देउराली प्रा.वि.को जीर्ण कोठाहरु सम्बन्धित वडासँग समन्वय गरी भत्काई व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा सितला प्रा.वि.को कार्यालय सहयोगी आवश्यक अन्य विद्यालयमा सम्बन्धित वडासँग समन्वय गरी पठाउन शिक्षा तथा सामाजिक विकास शाखालाई र सितला प्रा.वि.को भवन सम्पत्ति संरक्षण गर्न वडा नं.१३ लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका बाल विकास शिक्षकहरु र लेखापालहरुलाई पुनर्ताजगी तालिम सञ्चालन (बजेट शीर्षक नं. ८५(७२) बाट खर्च हुने गरी) गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्र.अ. हरुलाई संघीय सरकारबाट प्राप्त अनुदानका अतिरिक्त सुविधा बजेट शीर्षक नं.७६ (खर्च शीर्षक ६३) मा व्यवस्थापन गरिएकोमा उक्त रकम नपुग देखिएकाले बजेट शीर्षक नं.७२ (खर्च शीर्षक नं. ५९) बाट थप रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका लेखा समितिको सदस्य सचिवमा अर्को व्यवस्थापन नहुँदासम्म श्री बिष्णु खड्का क्षेत्रीलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सरसफाई केन्द्र व्यवस्थापनका लागि जग्गा खरिद सम्बन्धि प्रारम्भिक अधिकृतमा आजैका मितिदेखि लागू हुने गरी योजना उपशाखा प्रमुख श्री भेषराज तिवारीलाई प्रारम्भिक अधिकृत तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले हालसम्म विद्युतीय नक्शा पास प्रकियाका लागि NSET नेपालसँग सहकार्य गर्दै आएकोमा हाल उक्त संस्थाले आफ्नो सहकार्यलाई निरन्तरता दिन नसक्ने जानकारी दिएकाले विद्युतीय नक्सा पास प्रकियालाई निरन्तरता दिन वैकल्पिक सेवा प्रदायक संस्था आवश्यक भएको हुँदा नयाँ सेवा प्रदायक संस्था छनौट गर्ने प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा जेहेन्दार एवं विपन्न छात्रबृत्ति छनौट सिफारिस समितिमा निम्नानुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

१) संयोजक - श्री चन्द्रमायाँ परियार (संयोजक सामाजिक विकास समिति) ।

२) सदस्य - श्री काजिमान श्रेष्ठ (पूर्व संयोजक सामाजिक विकास समिति) ।

३) सदस्य सचिव - श्री नविन पराजुली (शिक्षा अधिकृत) ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कृषि तर्फको आ.व.२०८१/८२ को वार्षिक स्वीकृत मौरी लगायत उद्यमशीलता कार्यक्रम सञ्चालनको लागि आर्थिक विकास समितिको सिफारिस बमोजिम व्यास-७ स्थित गोल्दी, सामली लगायतका आसपासका क्षेत्रका कृषकहरूको आवेदन उपर स्थलगत अनुगमन भई छनौट गर्न उपयुक्त देखिएकाले सो क्षेत्रमा २८ जना कृषकहरूलाई मौरीपालन सम्बन्धी आधारभूत तालिम, ७५% अनुदानमा गोला सहितको सेरेना मौरी घार तथा खाली घार, मौरी उपकरण (घार स्टाण्ड, स्मोकर, रानी ढोका, पन्जा, घुम्टो, आदी) वितरण गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ को कार्यालय भवन बन्न बाँकी रहेको हाल टोल विकास संस्थाको भवनमा सञ्चलन हुँदै आएकोमा वडा कार्यालय निर्माणका लागि जिल्ला सभा अन्तर्गत जिल्ला समन्वय समिति तनहुँका नाउँमा रहेको साविक फराकचौर ९/ग कि.नं. १९९३ को जग्गामा हाल सेतो गुराँसले बाल विकास कक्षा सञ्चालन गर्दै आएकोमा उक्त सेतो गुराँसको व्यवस्थापन व्यास २ गणेशमान चोकमा रहेको बालकल्याणको भवनमा स्थानान्तरण गरी उक्त कि.नं. १९९३ को जग्गा वडा नं.२ को कार्यालय भवन निर्माणका लागि भोगाधिकार प्राप्त गर्न जिल्ला समन्वय समिति तनहुँसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ अन्तर्गत रहेको केराबारी स्वास्थ्य केन्द्रको कम्पाउण्ड निर्माण एवं नाला व्यवस्थापनका लागि छुट्याइएको रकम रु.४,००,०००। (चार लाख) कम भएकाले वडा अन्तर्गतकै बजेट शीर्षक नं.४८५ बाट रु.२,५०,०००। (दुई लाख पचास हजार) र बजेट शीर्षक नं.१७४ बाट रु.१,५०,०००। (एक लाख पचास हजार) समेत उक्त संस्थाको कम्पाउण्ड तथा नाला व्यवस्थापन खर्च गर्ने गरी सम्बन्धित वडाको सिफारिस अनुसार योजना परिवर्तन गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक खानेपानी, सिँचाई लगायत विपद्जन्य कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | फोहर व्यवस्थापन केन्द्र जाने बाटो स्तरोन्नति नाला निर्माण | १ | १०,००,०००।- | ८३९ |
| २. | जनचेतना टोल बोरिङ पानी व्यवस्थापन | १ | १,००,०००।- | ८४५ |
| ३. | बिष्णुप्रसाद श्रेष्ठ जटिल रोग उपचार सहयोग | १ | ३५,०००।- | ६१ |
| ४. | डिलबहादुर थापाको घर संरक्षण पहिरो नियन्त्रण | १ | ५०,०००।- | ९६१ |
| ५. | सेतो गुराँस खानेपानी व्यवस्थापन | १ | ५०,०००।- | ८४५ |
| ६. | कृष्णपुर विरता सिमलटार विपदजन्य बुल्दी खोलाको ग्याबिन हटाउने | ४ | २६,०००।- | ९६१ |
| ७. | चिन्तुटार खेल मैदान स्तरोन्नति | ५ | ३५,०००।- | ८४८ |
| ८. | आदर्श युवा क्लब फुटबल प्रतियोगिता सहयोग | ५ | ३०,०००।- | ११४ |
| ९. | शिशाघाट आयुर्वेद औषधालय पार्किङ व्यवस्थापन | ६ | ५५,०००।- | ८९३ |
| १०. | यमबहादुर गरुङ्ग विपद् परी खसी मरेको राहत | ७ | ७,०००।- | विपद |
| ११. | कसमबहादुर गुरुङ्ग जटिल रोग उपचार सहयोग | ७ | ३०,०००।- | ६१ |

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १२. | फटेलीडिही खानेपानी टंकी निर्माण | ८ | २,५०,०००।- | ८४५ |
| १३. | दुर्गा थापा खेत संरक्षण | ९ | ४०,०००।- | विपद |
| १४. | धारापानी लिफ्टिङ खानेपानी मोटर खरिद | ९ | २२,०००।- | ८४५ |
| १५. | सोवास श्रेष्ठ अध्ययन सहयोग | ९ | २५,०००।- | ८३ |
| १६. | कृष्ण रिजाल चापकटर खरिद सहयोग | १० | ३०,०००।- | १३२ |
| १७. | महिला समन्वय समिति तनाव व्यवस्थापन सहयोग | १० | ४०,०००।- | १२० |
| १८. | कृष्णहरी न्यौपाने कृषि सिंचाई पाइप खरिद | १० | ८,०००।- | ८४७ |
| १९. | सरस्वती क्षेत्री एकल महिला गाई खरिद सहयोग | १० | ४०,०००।- | ११६ |
| २०. | बिष्णुमायाँ कार्की कृषि सिंचाई पाइप खरिद | १० | २०,०००।- | ८४७ |
| २१. | मंगलीगैरा वडा कार्यालय पहुँच मार्ग बाढी प्रभावित कजवे निर्माण | १० | १,५०,०००।- | ९६१ |
| २२. | भौमायाँ अच्छामी कृषि सिंचाई पाइप खरिद | १२ | ८,०००।- | ८४७ |
| २३. | लाटापानी खानेपानी टंकी निर्माण | १३ | १,००,०००।- | ८४५ |
| २४. | भञ्ज्याङ्ग राष्ट्रिय दैनिक विज्ञापन सहयोग | | २०,०००।- | ३७ |
| २५. | हैरान्स क्लब फुटबल प्रतियोगिता प्रदेशमा सहभागी सहयोग | | ५०,०००।- | ११४ |
| २६. | होटल व्यवसायी संघ नयाँ वर्ष कार्यक्रम व्यवस्थापन सहयोग | | ५०,०००।- | ६९ |
| २७. | शैक्षिक कार्ययोजना प्रकाशन (शिक्षा शाखा) | | २,००,०००।- | ९१ |

**निर्णय नं.२५ :** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम ४ (घ) पछि घ१ "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा आय ठेक्का लगाउनु पर्ने भएमा वा तत्काल आय ठेक्का नगर्दा कार्यालय वा सर्वसाधारणलाई थप हानि नोक्सानी हुने अवस्था आई परेमा ७ (सात) दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न सकिनेछ" थप गरी संशोधन गर्ने निर्णय गरियो ।

***